Date-2075/01/26
(Abhiyan)

**प्राइम लाइफ**

सुरक्षित भविष्य

# प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
# PRIME LIFE INSURANCE COMPANY LTD.

रजिष्टर्ड कार्यालयः हात्तिसार, काठमाण्डौ, नेपाल, फोन नं. ०१४४४१४१४, फ्याक्स नं. ०१४४४१४३६
इमेल: info@primelifenepal.com, वेबसाइट: www.primelifenepal.com

को

## हकप्रद साधारण शेयर लिलाम बिक्रीको शिलबन्दी बोलपत्र आव्हानको सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०७५/०२/०२**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७५/०२/०९**

**बोलपत्रद्वारा बिक्री गरिने धितोपत्रको विवरण:**
**सर्वसाधारण शेयर : २,७१,९७८ कित्ता**

श्री प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको हकप्रद शेयर निष्काशनको लागि मिति २०७४/११/२७ गते देखि मिति २०७५/०१/०३ गतेसम्म हकप्रद शेयरको बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा सर्वसाधारण शेयर बाँडफाँड भई बाँकि रहेको माथि उल्लेखित बमोजिमको शेयरहरु प्रचलित नियम कानुन तथा बीमा समितिको निर्देशनहरु तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही उक्त शेयरहरु लिलाम बढाबढ गरी बिक्री गर्न प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको संचालक समितिको निर्णयानुसार उक्त शेयरहरु खरीद गर्न इच्छुक व्यक्ति, कम्पनी, संस्थाहरुले **मिति २०७५ साल जेठ ९ गते बैंकिङ्ग समयभित्र** तपसिलमा देहाय बमोजिमको स्थानहरुमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ ।

### तपसिल

| सि.नं. | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (सकलन केन्द्र) हरु: |
|---|---|
| १. | श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँबानेश्वर, काठमाण्डौं । |
| २. | श्री लक्ष्मी बैंक लिमिटेड, **उपत्यका बाहिर** विरगंज, विराटनगर, बुटवल, पोखरा, सुर्खेत, नेपालगंज र धनगढी । |

शर्तहरु:

… बुटवल, पोखरा, सुर्खेत, नेपालगंज र धनगढी ।

**शर्तहरु:**

१. बोलपत्र आवेदन फाराम रु. १००/- नगद भुक्तानी गरी माथि उल्लेखित संकलन केन्द्रहरुबाट प्राप्त गर्न सकिनेछ ।

२. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु. १००/- तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नु पर्नेछ । एकै व्यक्ति वा कम्पनीले विभिन्न मूल्यमा शेयर खरीदका लागि भिन्ना भिन्नै शिलबन्दी खामभित्र आवेदन दिनु पर्ने छ । लगानी व्यवस्थापकले आफ्ना ग्राहकहरुको नामबाट आवेदन गर्दा आफ्नो आधिकारिक पत्र मार्फत तोकिएको अनुरुपको सूची बनाई सम्पूर्ण आवेदकहरुको लागि गरिने लगानी रकम लगानी व्यवस्थापकले एउटा चेक मार्फत पेश गर्न सक्नेछ । ।

३. बोलपत्र आवेदन फारममा आफुले लिन चाहेको शेयर संख्या तथा प्रति कित्ता दर अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ । धेरै केरमेट भई कबोल गरेको मुल्य रकम नबुझिने भएमा त्यस्तो बोलपत्रलाई मान्यता दिईने छैन ।

४. बोलपत्रदाताले बोलपत्रमा आफ्नो नाम, ठेगाना, टेलिफोन नम्बर, खाता रहेको बैंकको नाम र खाता नं. तथा आफ्नो हितग्राही खाता नं.(**Demat Account No.**) लगायत बोलपत्र आवेदन फारममा उल्लेखित सम्पुर्ण विवरण स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

५. बोलपत्रदाताले बोलपत्र पेश गर्दा न्यूनतम १०० कित्ता वा सो भन्दा बढि १० अंकले भाग जाने गरी अधिकतम सम्पुर्ण कित्ताका लागि आवेदन दिन सकिने छ । हाल कायम रहेको शेयर र आवेदन गरेको शेयर समेत गरी बीमा समितिले तोकेको अधिकत्तम सिमासम्म मात्र आवेदन दिन सकिनेछ । रु.१० लाखसम्मको आवेदन दिनेले स्वेच्छिक रुपमा र रु. १० लाख भन्दा बढी रकमको आवेदन दिनेले अनिवार्य रुपमा आफ्नो प्यान नं. आवेदन फारममा उल्लेख गर्नुपर्नेछ ।

६. बोलपत्रवालाले आफूले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको सम्पूर्ण रकम श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेडको नाममा श्री लक्ष्मी बैंक लिमिटेडको हात्तिसार, काठमाण्डौंमा रहेको तल उल्लेखित खाता नं. मा नगद जम्मा गरी सो को सक्कल भौचर संलग्न गरी वा श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेडको नाममा खिचिएको Good for Payment Cheque संलग्न गरी बोलपत्र पेश गर्नु पर्नेछ । यदि चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वत: रद्द हुनेछ ।

| क्र.स | खाता रहेको बैंक | खाताको नाम | खाता नं |
|---|---|---|---|
| १. | लक्ष्मी बैंक लिमिटेड, हात्तिसार, काठमाण्डौं । | लक्ष्मी क्यापिटल मार्केट लिमिटेड | ००५१११५३४३७ |

७. बाँडफाँडमा परेका आवेदकहरुलाई आवेदककै हितग्राही खातामा शेयर नामसारी गरिने हुँदा आवेदनमा हितग्राही खाता अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

८. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था/कम्पनी हुनु पर्नेछ । संगठित संस्था/कम्पनी भएमा कम्पनी दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि तथा अख्तियारनामा समेत पेश गर्नु पर्नेछ ।

९. बोलपत्र आवेदन पेश गर्दा लाहा छाप लगाई शिलबन्दी खाम बाहिर **"प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको शेयर खरीद आवेदन-सर्वसाधारण समूह"** उल्लेख भएको हुनु पर्नेछ ।

१०. बोलपत्र मिति २०७५/०२/०९ गते कार्यालय समय भित्र माथि उल्लेखित संकलन केन्द्रहरुमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रित नपुगेका आवेदनहरु उपर कारवाही गरिने छैन ।

११. बोलपत्र दाखिला गरि सकेपछि बोलपत्रमा कबोल गरेको शेयर संख्या वा रकममा कुनै हेरफेर गर्न वा बोलपत्र फिर्ता लिन सकिने छैन ।

१२. बोलपत्र सम्पूर्ण संकलन केन्द्रहरुबाट बिक्री प्रबन्धकको कार्यालयमा संकलन भए पश्चात् बोलपत्र खोलिने मिति समय र स्थान उल्लेख गरि राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशन गरि जानकारी गराए पश्चात् खोलिने छ । बोलपत्रदाताले कुनै शर्त राखि पेश गरेको वा रित नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिइने छैन ।

१३. उपत्यका बाहिरका संकलन केन्द्रहरुबाट संकलित आवेदन फारमहरु कुरियर मार्फत पठाउनु पर्ने भएकाले कुनै कारणवश काबु बाहिरको परिस्थिति पर्न गई निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा समयमा पठाउन नसकेमा वा समयमा प्राप्त हुन नसकेमा वा बिचमा नै नष्ट हुन गएमा नियामक निकायको राय सुझाव लिएर मात्र लिलाम बढावढको आवश्यक प्रक्रिया अगाडि बढाईने छ ।

१४. रितपूर्वक प्राप्त बोलपत्रहरु मध्ये सबै भन्दा बढि बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिने छ । यस बाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढि रकम कबोल गर्नेलाई क्रमश बिक्री गरिनेछ । बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा एउटै मुल्यमा दुई वा दुई भन्दा बढि बोलपत्र आवेदनहरु पर्न गई बिक्री हुन बाँकी शेयर संख्या भन्दा बढिको माग भएमा समानुपातिक रुपमा शेयर बाँडफाँड गरिने छ ।

१५. बोलपत्र आवेदनहरु मध्ये बाँडफाँडमा नपरेको आवेदकहरुको बोलकबोल बापत जम्मा भएको रकम धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को व्यवस्था बमोजिम तोकिएको समयावधि भित्रमा IPS मार्फत आवेदकहरुको बैंक खातामा सोझै फिर्ता भुक्तान गर्ने व्यवस्था गरिनेछ । साथै सो रकममा कुनै किसिमको ब्याज प्रदान नगरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

१६. कथंकदाचित शेयर खरीदको लागि कुनै पनि बोलपत्र पेश हुन नआएमा वा बिक्री गरिने सम्पूर्ण शेयरकालागि बोलपत्र पेश हुन नआएमा वा आंशिक रुपमा बोलपत्र पेश भई बाँकी रहन जाने भएमा प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको संचालक समितिको निर्णय बमोजिम हुनेछ । शेयर बिक्री गर्ने वा नगर्ने वा आवेदनमा माग गरेको भन्दा कम शेयर बाँडफाँड गर्न सक्ने सम्पूर्ण अधिकार यस प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको संचालक समितिमा निहित रहने छ । साथै बोलपत्र आवेदन तथा शेयर बाँडफाँड सम्बन्धी कुनै विवाद उत्पन्न भएमा सो को अन्तिम निर्णय गर्ने अधिकार यस प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको संचालक समितिमा रहनेछ ।

१७. यस हकप्रद शेयरको लिलामीबाट कायम हुने शेयरधनीहरु यस कम्पनीले एघारौं वार्षिक साधारण सभामा प्रस्ताव गरेको १२.५ प्रतिशत बोनश शेयरको लागि योग्य हुनुहुने छन् ।

१८. बाँडफाँडमा परेको/नपरेको जानकारी प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको तथा लक्ष्मी क्यापिटल मार्केट लिमिटेडको सूचना पाटी तथा वेवसाइट- www.laxmicapital.com.np मा उपलब्ध गराईनेछ ।

**बिक्री प्रबन्धक:**

**लक्ष्मी क्यापिटल मार्केट लिमिटेड**

**Laxmi Capital Market Limited**

(Wholly Owned Subsidiary of Laxmi Bank Limited)

(नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धक, धितोपत्र प्रत्याभूति, शेयर रजिष्ट्रेशन तथा लगानी व्यवस्थापन कार्य गर्न इजाजत प्राप्त)

पो.ब.नं. ८४४९, का.म.न.पा. वडा नं. १० नयाँ बानेश्वर, काठमाडौं, नेपाल
फोन नं.: ९७७-०१-४७८०२२२, ४७८१५८२, फ्याक्स नं. ९७७ -१-४७८०५८३
Email : info@laxmicapital.com.np~URL: www.laxmicapital.com.np